## सर्वसाधारणको राय माग गरिएको सूचना

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**को मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयकउपर मन्त्रालयद्वारा सञ्चालित सुझाव पोर्टल https://lawfeedback.moljpa.gov.np/ मार्फत् वा संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा इमेल गरी पन्ध्र दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारणसमक्ष अनुरोध छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

**तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव**

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण :**

- हाल प्रचलनमा रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा अदालतले फैसला गर्दाका बखत कुनै कसूरदारलाई विद्युतीय निगरानीयन्त्र जडान गरी घरमा बसी कैद भुक्तान गर्न सक्ने गरी आदेश दिन सक्ने व्यवस्था नरहेको हुँदा अब अदालतले फैसला गर्दाका बखत कुनै कसूरदारलाई विद्युतीय निगरानीयन्त्र जडान गरी घरमा बसी कैद भुक्तान गर्न सक्ने गरी आदेश दिन सक्ने व्यवस्था गर्न,
- हाल स्थानहद तोकी प्यारोलमा छोड्न सक्ने व्यवस्था नरहेको हुँदा अब पचहत्तर वर्ष उमेर पूरा गरेका वा असाध्य रोग वा शारीरिक कारणले आफ्नो स्याहार आफै गर्न नसक्ने कैदीलाई प्रोवेशन तथा प्यारोल बोर्डले स्थानहद तोकी प्यारोलमा छोड्न सक्ने व्यवस्था गर्न,
- शुरु अदालतबाट एकपटक सुनुवाई भई सजाय निर्धारण भएकोमा शुरु अदालतबाट भएको फैसला पुनरावेदन सुन्ने अदालतबाट सदर भएमा सो प्रयोजनका लागि सुनुवाई गर्नु नपर्ने व्यवस्था गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव :**

- फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने सम्बन्धी व्यवस्था सहज र प्रभावकारी हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव :**

हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिमका कसूर तथा सजाय सम्बन्धी प्रस्तुत विधेयक हाल कायम रहेकै व्यवस्थाबाट कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग :**

फौजदारी कसूर, सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव :**

फौजदारी कसूर, सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी प्रक्रियागत व्यवस्थामा सहजता कायम हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग :**

नभएको।

**७. अन्य आवश्यक विषय :**

**विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेको :-**

- छ महिनासम्म कैद सजाय निर्धारण भएको कसूरदारलाई सामुदायिक सेवा गर्न आदेश दिन सक्ने व्यवस्थालाई संशोधन गरी तीन वर्षसम्म गर्ने,
- कैदको अवधिको दुई तिहाई अवधि भुक्तान गरिसकेको कैदीलाई खुल्ला कारागारमा राख्न सकिने व्यवस्थालाई संशोधन गरी चालीस प्रतिशत भुक्तान गरिसकेको व्यवस्था गर्ने,
- अदालतले कुनै कसूरदारलाई विद्युतीय यन्त्रको निगरानीमा रही कैद भुक्तान गर्न उपयुक्त हुने देखेमा त्यस्तो कसूरदारलाई विद्युतीय निगरानी यन्त्र जडान गरी कैद भुक्तान गर्न सक्ने आदेश दिन सक्ने,
- तीन वर्ष कैद भुक्तान गरेका र पचहत्तर वर्ष उमेर पूरा गरेका वा असाध्य रोग वा शारीरिक कारणले आफ्नो स्याहार आफैं गर्न नसक्ने कैदीलाई प्रोवेशन तथा प्यारोल बोर्डले स्थानहद तोकी प्यारोलमा छोड्न सक्ने,

## फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

<u>प्रस्तावना</u> : फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ मा संशोधन</u> : फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि शुरु अदालतबाट एकपटक सुनुवाई भई सजाय निर्धारण भएकोमा शुरु अदालतबाट भएको फैसला पुनरावेदन सुन्ने अदालतबाट सदर भएमा यस दफाबमोजिम सुनुवाई गर्नु पर्ने छैन।"

३. <u>मूल ऐनको दफा ११ मा संशोधन</u> : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. <u>अलग अलग कसूर बापतको सजाय निर्धारण गर्नुपर्ने</u> : (१) अपराध संहिताको दफा ४३ बमोजिम एकीकृत कसूरमा सजाय निर्धारण भएको अवस्थामा बाहेक एकै दिन एकभन्दा बढी कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसूर अलग अलग भएको मानी त्यस बापत छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्नेछ र बिगो तथा क्षतिपूर्ति समावेश भएको मुद्दामा प्रत्येक कसूरदारले तिर्नु पर्ने बिगो तथा क्षतिपूर्ति यकिन गर्नु पर्नेछ।

(२) दुई वा सोभन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काममध्ये कुनै एक काम आफैंमा छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय हुनेछ।

(३) कुनै कसूरमा कैद सजाय पाई सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूरबापत कैद सजाय निर्धारण गर्नु परेमा अदालतले निजको कसूरजन्य व्यवहारलाई हेरी दफा १४ को खण्ड (घ) बमोजिम समग्र सजाय उचित र समानुपातिक हुने गरी निर्धारण गर्नु पर्नेछ। त्यसरी सजाय निर्धारण गर्दा निजले दुवै कसूरमा भएको कैद सजाय एकैसाथ भुक्तान गर्न सक्ने हो वा अघिल्लो कसूरबापत भएको कैद सजाय पूर्ण वा आंशिक रूपमा भुक्तान भएपछि पछिल्लो कसूरबापत भएको कैद सजाय भुक्तान गर्नु पर्ने हो भन्ने कुरा समेत फैसलामा खुलाउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पहिला गरेको कसूरमा निर्धारित कैद सजाय भुक्तान नगरी अर्को कसूर गरेको कसूरदार, कुनै कसूरमा अदालतबाट पुर्पक्षको लागि धरौट वा जमानतमा छुटेकोमा सोही अवधिमा अर्को कसूर गरेको कसूरदार र कुनै कसूरमा थुना वा हिरासतमा रहेको अवस्थामा वा भागी अर्को कसूर गरेको कसूरदारलाई कैद सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ४३ वा दफा ४४ बमोजिम हुने सजायभन्दा कम नहुने गरी उपयुक्त सजाय निर्धारण गर्नु पर्नेछ।"

४. <u>मूल ऐनको दफा १२मा संशोधन</u> : मूल ऐनको दफा १२ को,-

(१) उपदफा (६) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "नतोकिएको" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) अदालतले कसूरदारलाई हुने कैद वा जरिबाना निर्धारण गर्दा, कसुरदारबाट पीडितलाई भराउनु पर्ने क्षतिपूर्ति निर्धारण गर्दा तथा सजाय निर्धारणको क्रममा गर्नुपर्ने अन्य निर्णय वा आदेश गर्दा यस दफाबमोजिम पेस हुन आएको सजाय पूर्वको प्रतिवेदन र सो उपर उपदफा (५) बमोजिम पेस भएको रायलाई समेत आधार लिन सक्नेछ।"

५. <u>मूल ऐनको दफा १५मा संशोधन</u> : मूल ऐनको दफा १५ को उपदफा (२) को खण्ड (ग) र (ङ) झिकिएका छन्।

६. <u>मूल ऐनको दफा १७क.मा संशोधन</u> : मूल ऐनको दफा १७क. को उपदफा (१) मा रहेका "अभियुक्तले कसूर गरेको कुरामा अदालतमा साबित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएमा निजलाई" भन्ने शब्दहरूको सट्टा "अभियुक्तलाई" भन्ने शब्द राखिएको छ।

७. <u>मूल ऐनको दफा २२ मा संशोधन</u> : मूल ऐनको दफा २२ को,-

(१) उपदफा (१) मा रहेका "छ महिनासम्म" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) को प्रयोजनको लागि कैदमा रहेको व्यक्तिले कारागारमार्फत् सुरु फैसला गर्ने अदालतसमक्ष सामुदायिक सेवा गर्न पाऊँ भनी निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन प्राप्त भएमा अदालतले सम्बन्धित व्यक्तिलाई सामुदायिक सेवामा पठाउन आदेश दिन सक्नेछ।"

८. <u>मूल ऐनको दफा २८ मा संशोधन</u> : मूल ऐनको दफा २८ को उपदफा (१) मा रहेका "दुई तिहाई" भन्ने शब्दहरूको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

९. <u>मूल ऐनमा दफा २८क.थप</u> : मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"२८क. <u>विद्युतीय यन्त्रको निगरानीमा कैद भुक्तान गर्न सक्ने</u> : (१) अदालतले कुनै कसूरदारलाई विद्युतीय यन्त्रको निगरानीमा रही कैद भुक्तान गर्न उपयुक्त हुने देखेमा त्यस्तो कसूरदारलाई विद्युतीय निगरानी यन्त्र जडान गरी कैद भुक्तान गर्न सक्ने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा सो विद्युतीय निगरानी यन्त्रको खर्च कसूरदार आफैंले व्यहोर्नु पर्नेछ। निजले उक्त खर्च व्यहोर्न इन्कार गरेमा निजलाई कैदमा पठाउनु पर्नेछ।"

(३) उपदफा (१) बमोजिम आदेश दिँदा कसूरदारको उमेर, शारीरिक तथा मानसिक अवस्था तथा निजको आचरणका आधारमा निश्चित सीमा र शर्त तोकी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको सीमा र शर्त भन्दा बाहिर गएमा निजलाई सुरूमा निर्धारण गरिएको कैदमा थप एक वर्ष कैद हुनेछ।"

१०. <u>मूल ऐनको दफा २९मा संशोधन</u> : मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को ठाउँ ठाउँमा रहेका "दुई तिहाई" भन्ने शब्दहरूको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष कैद भुक्तान गरेका र पचहत्तर वर्ष उमेर पूरा गरेका वा असाध्य रोग वा शारीरिक कारणले आफ्नो स्याहार आफैं गर्न नसक्ने कैदीलाई प्रोवेशन तथा प्यारोल बोर्डले स्थानहद तोकी प्यारोलमा छोड्न सक्नेछ।

(१ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आजीवन कैदमा रहेको कसूरदारले तीस वर्ष कैद भुक्तान गरेपछि निजको चालचलनमा सुधार आएको देखिएमा प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसमा अदालतले प्यारोलमा राख्न अनुमति दिन सक्नेछ।"

(३) उपदफा (५) मा रहेका "बाँकी कैद सजाय" भन्ने शब्दहरूको सट्टा "बाँकी कैदमा थप छ महिना कैद सजाय" भन्ने शब्दहरू राखिएका छन्।

११. <u>मूल ऐनको दफा ३६मा संशोधन</u> : मूल ऐनको दफा ३६ को सट्टा देहायको दफा ३६ राखिएको छः-

"३६. **विभिन्न कसूरबापत भएको कैद सजायको कार्यान्वयन** : (१) एकीकृत कसूरको कसूरदार, पटके कसूरदार र दफा ११ को उपदफा (४) बमोजिमका कसूरदारलाई प्रचलित कानूनबमोजिम जति कैद सजाय निर्धारण भएको छ सो सबै कैद सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(२) दफा ११ को उपदफा (१) बमोजिम एउटै कसूरदारलाई विभिन्न कसूरबापत छुट्टाछुट्टै कैद सजाय निर्धारण भएकोमा जुन कसूरमा सबैभन्दा बढी कैद सजाय निर्धारण भएको छ सोही कैद सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(३) कुनै एक कार्यबापत विभिन्न ऐन अन्तर्गत छुट्टाछुट्टै कसूर मानिने भई त्यस्तो कार्य गर्ने व्यक्ति उपर अलग अलग मुद्दा दायर भएको र सबै मुद्दामा अदालतबाट कसूरदार ठहरी सजाय निर्धारण भएकोमा जुन मुद्दामा बढी सजाय भएको छ सोही ऐन बमोजिमको सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(४) दफा ११ को उपदफा (३) बमोजिम कैदको सजाय भोगिरहेको कसूरदारलाई एकै साथ कैद भुक्तान हुने गरी पछिल्लो कसूर बापतको कैद सजाय निर्धारण भएकोमा निज प्रहरी हिरासतमा बसेको दिनदेखि गणना गरी जुन कसूर बापतको कैद सजाय बढी छ सोही कैद सजाय कार्यान्वयन गरिनेछ।

तर कुनै कसूरदारको हकमा अघिल्लो कसूरबापत भएको कैद सजाय पूर्ण वा आंशिक रूपमा भुक्तान भएपछि पछिल्लो कसूरबापत भएको कैद सजाय भुक्तान गर्नु पर्ने गरी सजाय निर्धारण भएकोमा फैसलाबमोजिम नै कैदको लगत खडा गरी कैद सजाय कार्यान्वयन गरिनेछ।

(५) पहिले कुनै कसूरमा कसूरदार ठहरेको कुरा पछिल्लो कसूर बापत सजाय निर्धारण गर्दाका बखत अदालतलाई जानकारी हुन नसकी कैद सजाय निर्धारण गरिएको कसूरदारको हकमा भुक्तान हुन बाँकी अघिल्लो कसूर बापतको कैद सजायबारे पछि जानकारी हुन आई निजको हकमा अघिल्लो कैद सजाय कार्यान्वयन गर्न अडबड परेमा निकासाको लागि इजलाससमक्ष पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम इजलाससमक्ष पेस भएकोमा अदालतले सम्बन्धित कसूरदार वा निजको कानून व्यवसायी र सम्बन्धित सरकारी वकिल समेत उपस्थितिको लागि सूचना दिई दुवै पक्षको छलफल सुनी त्यस्तो कसूरदारले भुक्तान गर्नु पर्ने कैद सजाय निर्धारण गरी सजाय कार्यान्वयन गर्न आदेश दिनेछ।"

१२. **मूल ऐनको दफा ४० मा संशोधन** : मूल ऐनको दफा ४० को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएका छन् :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनबमोजिम कसूर ठहरिने कुनै काम अठार वर्षभन्दा कम उमेरको व्यक्तिले गरेकोमा त्यस्तो व्यक्तिको हकमा अदालतले

बालबालिका सम्बन्धी प्रचलित कानूनबमोजिम पुर्पक्षको लागि सुधार गृहमा पठाएको वा कुनै शर्त तोकी अभिभावक वा संरक्षकको जिम्मा लगाएको र त्यस्तो शर्त बालबालिकाले पालना गरेको रहेछ भने त्यसरी सुधार गृहमा बसेको वा अभिभावक वा संरक्षकको जिम्मा लगाएको मितिदेखि नै निजलाई भएको कैद वा सुधार गृहमा बस्नुपर्ने अवधिको गणना गरिनेछ।

(४) विद्युतीय निगरानी यन्त्र जडान गरी कैदभन्दा बाहिर बसेको अवस्थामा सो अवधिलाई कैदमा बसेको मानिनेछ।"

१३. <u>मूल ऐनको दफा ४१मा संशोधन</u> : मूल ऐनको दफा ४१ को उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थपिएका छन् :-

"(८) पीडित राहत कोषबाट क्षतिपूर्ति भराई दिनु पर्ने भएमा बढीमा तीन लाख रूपैयाँसम्म भराई दिन सकिनेछ।

(९) अपराध संहिता वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरको जाहेरवाला वा पीडितले कसूर बमोजिमको कार्यबाट आफूले लाभ पाउने उद्देश्यले कुनै कार्य गर्दा वा सो कसूर हुनमा निजको समेत संलग्नता रहेको देखिएमा अदालतले त्यस्तो क्षतिपूर्तिको मात्रा कम गर्न वा क्षतिपूर्ति नभराउन सक्नेछ।"

१४. <u>मूल ऐनको दफा ४८मा संशोधन</u> : मूल ऐनको दफा ४८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम खडा भएको कोषमा अदालतको फैसला बमोजिम जरिबानाबापत प्राप्त हुने रकम र अपराध संहिता वा प्रचलित कानूनबमोजिम कैद बस्नु पर्ने कसूरदार फौजदारी कार्यविधि संहिताबमोजिम कैद नबसी कैद बापत तिरेको रकमबाट प्राप्त रकमको पचास प्रतिशत रकम नेपाल सरकारले जम्मा गर्नु पर्नेछ।"

१५. <u>मूल ऐनमा दफा ४९क.थप</u> : मूल ऐनको दफा ४९ पछि देहायको दफा ४९क. थपिएको छ :-

"४९क. <u>प्रचलित ऐनबमोजिम हुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु भन्दा अघि नै भइसकेका कसूरको हकमा त्यस्तो कसूर हुँदाका बखत कायम रहेको कानूनबमोजिम हुनेछ ।

तर त्यस्तो कसूरमा यस ऐनबमोजिम कम सजाय हुने रहेछ भने यसै ऐनबमोजिम हुनेछ।"